जि.प्र.का.का.द.नं. 320-057/ 058 स.क.प. द.नं.: 16999

मानवअधिकार एलाइन्स
राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल
HUMANRIGHTS ALLIANCE
National Alliance for Human Rights and Social Justice, Nepal

# युरोपियन युनियन, निर्वाचन पर्यवेक्षण मिसन (EU/EOM) को प्रतिवेदन सम्बन्धमा ध्यानाकर्षण

चैत्र ६, २०७४ मा EU/EOM को तर्फबाट निर्वाचन आयोगमा बुझाइएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन पर्यवेक्षण प्रतिवेदन तथा सो व्यहोरा जनाइ जारी गरिएको विज्ञप्ति प्रति मानवअधिकार एलाइन्सको ध्यानाकर्षण भएको छ ।

प्रतिवेदनलाई निर्वाचन आयोगले अन्तर्राष्ट्रिय र राष्ट्रिय निर्वाचन पर्यवेक्षण आचार संहिता विपरित रहेको, भ्रामक र तथ्यहीन भएको पुष्टि गर्दै अस्वीकार गरिसकेको छ। प्रतिवेदनको अग्र पृष्ठमा एकातिर इयु स्वयंले प्रतिवेदनको जिम्मेवारी लेखकहरुलाई दिँदै ती धारणाहरुले युरोपियन युनियनको आधिकारिक धारणा प्रतिविम्बित नगर्ने बताइएको छ भने अर्कातिर नेपाल सरकार तथा निर्वाचन आयोगले प्रतिवेदनमाथि गरेका टिप्पणीहरुको EU/EOM ले २२ मार्च २०१८ मा थप विज्ञप्ति जारी गरी अस्वीकार गर्नुले दुई पक्षबीच भएको समझदारीबारे थप अन्यौल सिर्जना भएको छ ।

उक्त प्रतिवेदनमा सिफारिस गरिएका केही बुँदाहरु नेपालको संविधान धारा १८ मा उल्लेखित समानताको हक तथा धारा ४२ को सामाजिक न्यायको हक विपरित भएको मानवअधिकार एलाइन्सको ठहर रहेको छ। पर्यवेक्षण मिसनले नेपालको संविधानमा उल्लेखित यी मौलिक हकको विरुद्ध हुनेगरी अभिव्यक्ति दिनु मानवअधिकारको सम्मानमा आँच पुगेको निश्कर्ष सहित मानवअधिकार एलाइन्स सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दछ ।

चैत्र ११, २०७४

मीनबहादुर शाही
अध्यक्ष

डा. पद्मप्रसाद खतिवडा
महासचिव

Contact Office: Sanepa, Lalitpur, Phone + 977-1- 5548040
Post Box No – 9993 G.P.O. Kathmandu,Nepal, Email: alliance.humanrights@gmail.com.np